मुसाको दरबार

केशरी अम्गाई

मुसाको दरबार

(बालकथा सङ्ग्रह)

लेखक

केशरी अम्गाई

प्रकाशक

मक्षदा प्रकाशन

© : लेखकमा

मुसाको दरबार

लेखक	: **केशरी अम्गाई**
भाषा सम्पादक	: **माधव घिमिरे 'अटल'**
विधा	: बालकथा
संस्करण	: प्रथम, २०८०
प्रकाशन सङ्ख्या	: ११०० प्रति
आवरण/सेटिङ	: **राजेश कर्माचार्य**
चित्र	: **किर्तिकिशोर जोशी, युवक श्रेष्ठ**
मूल्य	: १३०
प्रकाशक	: **मक्षदा प्रकाशन**
वितरक	: विवेक सिर्जनशील प्रकाशन
मुद्रक	: गङ्गा जमुना प्रेश प्रा.लि. काठमाडौं ।

यस पुस्तकको कुनै पनि अंश वा पूरै अंश कुनै पनि माध्यामद्धारा पुनरुत्पादन वा फोटोकपी गर्न पाइने छैन ।

कथाक्रम

१. कंस मामा	३
२. नयाँ कामको योजना	११
३. पानी फेरि बग्न थाल्यो	१६
४. मुसाको दरबार	२२
५. रमाको पढाइ	२९
६. मेरो झोला खै	३५

कंस मामा

‘ए ! चुपचुप ! प्रकाश सर आउँदै हुनुहुन्छ ।’

पहिलो घण्टी लाग्नासाथ कक्षा सातका विद्यार्थीहरू बढी सजग भए । प्रकाश सर हातमा हाजिरी कापी लिएर कक्षामा पस्नुभयो । हरेक विद्यार्थीलाई पालैपालो नियाल्दै एक छेउदेखि अर्को छेउसम्म पुग्नुभयो र फर्कनुभयो । अगाडि उभिएर फेरि सबैलाई नियाल्नुभयो ।

‘आज कसले सरको गाली खाने भयो ?’ हर्कले सोच्यो ।

गल्ती गर्नेलाई नराम्रोसँग गाली गर्नुहुन्थ्यो प्रकाश सर । त्यसैले उहाँसँग विद्यार्थीहरू निकै डराउँथे । उहाँले बोर्डमा मिति लेख्नुभयो अनि बल्ल भन्नुभयो, ‘ल बस ।’



विद्यार्थीहरूले सन्तोषको सास फेरे ।

'तीन चार दिन भयो, प्रभात देखिँदैन नि कक्षामा,' सरले भन्नुभयो ।

सबै विद्यार्थीहरूले मुखामुख गरे ।

'उसलाई कसैले भेटेका छैनौ ? आफ्नै साथीको बारेमा पनि चासो नदिने तिमीहरू कस्ता साथी हौ, हँ ?' उहाँले हपार्नुभयो ।

कक्षामा गुन गुन आवाज सुनियो ।

'मैले हिजो भेटेको थिएँ सर उसलाई,' हर्कले हात उठाएर भन्यो । सबै विद्यार्थीहरू हर्कतिर फर्किए ।

'किन नआएको रे त ?' सरले सोध्नुभयो ।

'नपढ्ने रे ! सर अब,' हर्कले भन्यो ।

'नपढ्ने रे ! किन रे नि !' उहाँले जिज्ञासा राख्नुभयो ।

'खै ! त्यो त भनेन सर,' टाउको निहुराएर उसले जवाफ दियो ।

'मैले पनि अस्ति भेटेको थिएँ सर,' सरिताले उठेर भनिन् ।

'तिमीले सोधिनौ किन नआएको भनेर ?' सर थप जिज्ञासा थियो ।

'उसको ममीसँग पैसा छैन रे,' सरिताले भनिन् ।

'पैसा छैन रे,' प्रकाश सरले आश्चर्य व्यक्त गर्नुभयो ।

सबै विद्यार्थीहरू सरितालाई हेर्न थाले ।

'उसको बुबा अब फर्कनुहुन्न नि त । त्यसैले फी तिर्ने पैसा नभएको रे । अब ऊ सहरमा गएर काम गर्ने रे,' सरिताले भनिन् ।

उनको कुरा सुनेपछि प्रभातको बुबा साउदीमा दुर्घटनामा परेको कुरो प्रकाश सरलाई सम्झना भयो ।

विद्यार्थीहरू खासखुस गर्दै थिए । प्रकाश सर गम्भीर

देखिनुभयो । एकछिन कक्षा कोठामा ओहोरदोहोर गरेपछि भन्नुभयो, ‘अहँ, हुँदैन । उसलाई जसरी पनि पढाउनुपर्छ ।’

त्यो कुरा उहाँले आफैँलाई भन्नुभएको हो कि विद्यार्थीहरूलाई ! विद्यार्थीहरू जिल्ल परे ।

‘प्रभात, तिमीहरू सबैको मिल्ने साथी होइन ?’ उहाँले विद्यार्थीतिर हेरेर सोध्नुभयो ।

‘हो सर,‘ सबैले एकै स्वरमा भने ।

‘अनि मिल्ने साथीलाई पढ्न ल्याउनु पर्दैन ?’ प्रकाश सरको प्रश्न सुनेर विद्यार्थीहरू मुखामुख गर्न थाले ।

‘ऊ पढ्न पनि टाठो छ । मिलनसार र मिहिनेती पनि छ । त्यसैले उसलाई विद्यालय ल्याउनुपर्छ । भरे सबै जना उसलाई भेट्न घरैमा जाने,’ उहाँले भन्नुभयो ।

आज उहाँको कक्षामा पाठ अगाडि बढेन । कक्षा त्यत्तिकै समाप्त भयो ।

'आहा ! आज त गृहकार्य पनि भएन,' प्रकाश सर निस्किएपछि कसैको आवाज सुनियो ।

चार बजेको छुट्टीपछि प्रकाश सर प्रभातको घरतिर लाग्नुभयो । विद्यार्थीहरू उहाँ पुग्नुभन्दा पहिल्यै पुगिसकेका थिए ।

'तिमीहरू मरो घरमा !' साथीहरू आफूलाई भेट्न आएको देखेर प्रभात छक्क पर्‍यो ।

'अनि प्रकाश सर पनि ...... ,' परबाट प्रकाश सरलाई आउँदै गरेको देखेपछि प्रभातलाई अलिअलि डर लागेझैँ भयो ।

'भागुँ कि क्या हो,' प्रभातलाई लुक्न मन लाग्यो । तर साथीहरूलाई छाडेर कहाँ लुक्ने ?

'नमस्कार सर,' सर नजिक आइपुगेपछि उसले डराइ डराइ अभिवादन गर्‍यो ।

'प्रभात, तिमी त नपढ्ने भन्छौ रे त !' उहाँले उसरलाई हेर्दै सोध्नुभयो ।

प्रभात बोलेन । घोसे मुन्टो लगाएर खुट्टाको बुढी औंलाले भुइँ कोट्याइरह्यो । उसका दुवै आँखामा आँसु टल्पलाइरहेको थियो । त्यो देखेर साथीहरूले पनि अँध्यारो अनुहार लगाए ।

'अनि आमा खै त ?' सरले सोध्नुभयो ।

'घाँस काट्न,' रुन्चे स्वरमा प्रभातले छोटो जवाफ दियो ।

साँझ पर्न लागेको थियो । प्रभातकी आमा घाँसको भारी बोकेर आइपुग्नुभयो । घरको आँगनमा मान्छेहरू देखिए पनि उहाँ बोल्नुभएन । घरपछाडि पेटीमा घाँस बिसाएर फर्कनुभयो र भन्नुभयो, 'नमस्कार है बाबु ! आज मास्टरबाबुले बाटो बिराउनुभएछ ।'

'तपाईलाई नै भेटौँ भनेर, भाउजू,' प्रकाश सरले भन्नुभयो ।

'फेरि यिनीहरू पनि आएका छन्...,' प्रभातकी आमाले प्रभातका साथीहरूतर्फ सङ्केत गर्नुभयो ।

'तपाईले प्रभातलाई नपढाउने भन्नुभयो रे,' प्रकाश सरले भन्नुभयो ।

प्रभातले सरतिर पुलुक्क हेऱ्यो । प्रभातकी आमाले हातमा रहेको नाम्लो पिँढीमा फ्यात्त फाल्नुभयो र मजेत्रोको फेरलाई च्याप्प समातेर मुख छोप्नुभयो । उहाँको आँखामा आँसु देखियो । त्यो देखेर विद्यार्थीहरूलाई नरमाइलो लाग्यो ।

'आफ्नो सन्तानलाई पढाउने रहर कसलाई हुँदैन र बाबु,' उहाँले आँसु पुछ्दै भन्नुभयो । प्रभात पनि सुकसुकाउन थाल्यो ।

'तपाईँलाई थाहा छ, प्रभातका बाबु सधैँका लागि बिदा भइहाले । मेरो एक्लो पाखुराले यसको पढाइ खर्च धान्न नसक्ने भएँ बाबु,' पीडा पख्दै गर्दा थामिएन उहाँको आँशु ।

'गाह्रोसाह्रो सबैलाई पर्छ भाउजू, आत्तिएर काम चल्दैन । प्रभात पढ्न टाठो छ, उसलाई त जसरी पनि पढाउनुपर्छ,' छिनभरको

कठोर मौनता भङ्ग गर्दै प्रकाश सरले भन्नुभयो ।

'हातमुख जोर्न धौ धौ छ । उसको पढाइ खर्च कसरी धानूँ ? भन्नुस् त बाबु ?' पिलपिल गर्दै प्रभातकी आमाले भन्नुभयो ।

प्रकाश सरले विदेशमा काम गर्न जाँदा बीमा नगरी जान पाइँदैन भन्ने सुन्नुभएको थियो । प्रभातकी आमाले बीमाबाट रकम पाउनुपर्ने हो भन्ने उहाँलाई लाग्यो । त्यसैले सोध्नुभयो, 'विदेश जाँदा त बीमा गरिएको हुन्छ । बीमाले केही दिएन र भाउजू ?'

'खै बाबु ! के भन्नु र । आफूलाई केही था नाई । बीमाको कुरो त उहाँले पनि गर्नुभएको थियो । प्रभातका मामा पर्ने एकजना आफन्त सहरतिर बस्नुहुन्छ । विदेश जान पनि उहाँले नै सघाउनुभएको हो । के के छ म बुझ्छु भनेर उहाँले सबै कागजपत्र लैजानुभएको थियो । मिलेन भनेर खबर पठाउनुभयो क्यार । के थाहा पाउनु म गोज्याङ्ग्रीले ।'

प्रभातकी आमाको कुरा सुनेर यसमा केही गडबडी भएको छ भन्ने प्रकाश सरलाई पर्‍यो ।

'यस्तो त नहुनु पर्ने, भाउजू । तपाईँले बीमा रकम किन पाउनु भएन भन्ने कुरा म बुझ्न लगाउँछु । तर प्रभातको पढाइ रोकेर उसको जीवन नबिगार्नुस् भाउजू । ऊ पढनमा मिहिनेती छ । म विद्यालयमा छात्रवृत्ति मिलाउन कोसिस गर्छु,' प्रकाश सरले सहयोगको वचन दिनुभयो ।

अर्को दिनदेखि प्रभात विद्यालय आउन थाल्यो ।

त्यसको केही दिनपछि प्रकाश सर सहर जानुभयो । एक सातासम्म उहाँ फर्कनुभएन ।

'प्रभात ! सर किन नआउनुभएको होला ?' विद्यार्थीहरू अचम्म मान्दै एक अर्कासँग सोध्थे । तर जवाफ कसैसँग थिएन ।

आठौं दिनमा उहाँ फर्कनुभयो । उहाँ खुसी देखिनुहुन्थ्यो । त्यसैले विद्यार्थीहरूले उहाँसँग अलि खुलेर बोल्ने आँट गरे ।

'एक हप्तासम्म कहाँ जानु भएको थियो सर ?' एक जनाले सोध्यो ।

प्रकाश सरले सबै विद्यार्थीहरूलाई पालैपालो हेर्नुभयो । सब शान्त थिए र जिज्ञासु नेत्रले उहाँलाई नै हेरिरहेका थिए ।

'म प्रभातको बुबाको बीमाको बारेमा बुझ्न सहर गएको थिएँ । विदेश जानेहरूको जीवन बीमा गरिएको हुन्छ । प्रभातको बुबा विदेशमा दुर्घटनमा पर्नुभएको थियो । त्यसैले बीमा कम्पनीले बीमा रकम दिनुपर्ने थियो । तर प्रभातको आमाले पाउनुभएन । त्यसैले के भएको रहेछ बुझ्न गएको थिएँ,' प्रकाश सरले भन्नुभयो ।

'के भएको रहेछ त सर ?' सरिताले उठेर सोधिन् ।

'बीमाको कागजमा बीमा गरिएको व्यक्तिको मृत्यु भएमा

कसले पैसा पाउने भन्ने व्यक्तिको नाम लेखिएको हुन्छ । प्रभातको बुबाले प्रभातको आमाको नाम राख्नुभएको रहेछ । तर प्रभातकी आमाले उसको मामालाई वारेसको कागत बनाएर दिनुभएको रहेछ । बीमा कम्पनीले त्यही कागज हेरेर बीमा रकम मामालाई दिएछ । तर त्यो पैसा उहाँले नै राख्नुभएछ ।'

'मामा भएर पनि त्यस्तो गर्ने ! कस्ता मामा रहेछन् ? कंस मामा भनेका यस्तै त थिए होलान्,' एक जना विद्यार्थीले प्वाक्क भनिहाल्यो ।

त्यो थाहा भएपछि प्रभातका मामाले ठगी गरे भनेर प्रभातकी आमाले उजुर गर्नुभयो । अनि प्रहरीले प्रकृया पुऱ्याएर उनीबाट बीमा कम्पनीले दिएको रकम छ लाख रुपैयाँ फिर्ता गराइदियो ।

'छ लाख ! अनि त्यो पैसा कहाँ छ नि सर ?' सरिताले सोधिन् ।

'त्यो रकम प्रभात र उसकी आमाको नाउँमा ब्याङ्कमा खाता खोलेर जम्मा भएको छ । अब प्रभातको पढाइ रोकिन्न,' प्रकाश सरले भन्नुभयो ।

'अनि त्यस्तो बदमासी गर्ने मामालाई केही भएन ?' हर्कले सोध्यो ।

'उनी त अहिले जेलमा छन् ।'

सरको कुरा सुनेर विद्यार्थीहरूले रमाउँदै ताली बजाए । अनि प्रभातलाई बधाई दिए ।

(**निस्फिक्री** कथासङ्ग्रह (२०७०) बाट)

***

नयाँ कामको योजना

'म आज स्कुल जान्न आमा,' विद्यालय जाने बेलामा सौगातले भन्यो । सौगात गाउँको विद्यलयमा चार कक्षामा पढ्थ्यो । ऊ बिरामी हुँदा पनि घरमा बस्न मान्दैनथ्यो । तर आज विद्यालय जान नमानेको देखेर आमा छक्क परिन् ।

'किन बाबु ! सन्चो भएन ?' आमाले सौगातको निधार छाम्दै भनिन् ।

'हैन आमा, आजभोलि मलाई स्कुल जानै मन लाग्दैन,' उसले विद्यालयप्रतिको अनिच्छा व्यक्त गऱ्यो ।

'किन र ? भन त,' आमाले मायालु स्वरमा सोधिन् ।

'आजभोलि केही साथीहरू खै के के भन्छन् भन्छन् । पापीको सन्तान रे, नरकबासीको सन्तान रे । मलाई त घरबाट निस्कनै मन छैन आमा ।'

आमाले कुरो बुझिहालिन् । ससुराको मृत्युमा पतिले परम्परा अनुसारको क्रियाकर्म गरेका थिएनन् । समाजले त्यसको दण्ड यस बालकलाई दिँदै थियो । 'ए हो ! तिमीलाई मन पर्ने खाजा के हो रे ?' उनले छोराको ध्यानलाई अन्यत्र मोड्न खोजिन् ।

'मकै र भटमास,' सौगातले भन्यो ।

'भरेको लागि म तिमीलाई मन पर्ने खाजा भुटेर राखिदिन्छु । अहिले स्कुल जाऊ है । अरु कुरा भरे गरौँला, हुन्न ?' आमाले फकाइन् ।

मकै सधैँ चपाउन पाए पनि भटमास कहिलेकाही मात्र पाइन्थ्यो । मकै भटमासको आसले ऊ विद्यालय जान राजी भयो ।

साँझ हर्कबहादुर कामबाट फर्किए । सौगात स्कुलकै कुरालाई लिएर झगडा गर्दै थियो । उनले कारण बुझ्न खोजे ।

'सकिनँ मैले तपाईंको छोरालाई सम्झाउन । आफैं सोध्नुहोस् न के भन्छ ?' उर्मिलाले झर्कोफर्को गरिन् ।

'के भयो बाबु ?' उनले छोरालाई सोधे ।

'रमण र उसका साथीहरूले के के भनेर जिस्क्याउँछन् । म त स्कुल जान्न बाबा,' उसले भन्यो ।

रमण तिनै लक्ष्मणप्रसादको छोरो थियो जसले हर्कबहादुरको कार्यको खुब विरोध गरेको थियो ।

हर्कबहादुर बाबुको शोक मनाउन कोरामा बसेको किन्तु कपाल खौरिएनन् । उनले गरुड पुराण पनि लगाएनन् र पण्डितलाई दान पनि दिएनन् । संस्कार नमानेको विरोधको नेतृत्व लक्ष्मणले गरेका थिए, मानौँ धर्म जोगाउने ठेक्का उनैले लिएका छन् । तर हर्कबहादुरको तर्कका अगाडि उनी पराजित थिए ।

'के भनेर जिस्क्याउँछन् ?' हर्कले छोरालाई सोधे ।

'पापी र नरकबासीको सन्तान भनेर हैरान पार्छन् । के हो पापी र नरकबासी भनेको ? अनि किन त्यसो भनेका बाबा तिनीहरूले ?'

'तिमीले आफ्ना किताबमा कतै पढेका छैनौँ पापको बारेमा ?' उनले सोधे ।

'सरले भन्नुभएको- अर्कालाई दुःख दिनु पाप हो रे ।'

'अनि त्यस्तो काम गर्ने चाहिँ पापी । हैन त ?' उनले छोराको कुरामा थपे ।

'हामीले कसैलाई दुःख दिएका छौँ र ?' उनले सोधे ।

'छैनौँ,' छोटो जवाफ दियो सौगातले ।

'त्यसो भए हामी पापी रहेनछौँ, हैन त ?' बाबुको सोधाइमा सौगात एकछिन घोरियो र भन्यो, 'त्यो त हो नि बाबा ।'

'नरकबासी भनेको नरकमा बास गर्ने भनेको हो । पण्डितहरू नरक भनेको अर्कै लोक हो भन्छन् । उनीहरू नरकको डर देखाएर मृतकको आफन्तलाई लुट्न खोज्छन् ।'

'खै, बाबाको कुरै बुझ्दिनँ म त । कतै झुटो बोल्नुभएको त हैन तपाईंले ?' छोराले अविश्वास व्यक्त गऱ्यो ।

'मृतकको नाममा दान गर्नु भनेर अनेक कथा बनाएका छन् । त्यही कथा सुनाएर दान माग्छन् उनीहरू,' बाबुले सम्झाए ।

'स्वर्ग र नर्कको कथा सुनेका छौ तिमीले ?' उनले सोधे ।

'त्यो त सुनेको छु नि ।'

'ती सबै मान्छेलाई मूर्ख बनाउने कथा मात्र हुन् । जीवनभरि दुःख दिएर मरेपछि उसको नाममा दान दिँदैमा मरेको मान्छेले सुख पाउँछ होला त ? भन त आफैँ ।'

'थाहा छैन बाबा ।'

'पोहोर साल रणबहादुर काकाको आमा बित्नुभयो । आमाको नाममा उहाँले गाई, खाट, ओच्छ्यान आदि दान गर्नुभयो । ती सामान कहाँ छन् तिमीलाई थाहा छ ?'

'गाई त पण्डितकै घरमा बाँधिएको छ नि बाबा ।' सौगातले आफूले देखेके कुरो बतायो ।

'अनि अरु सामान नि ?'

'अरु पनि पुरेत बाजेले नै लानुभएको हो । तर बाबा, मरेपछि मान्छे कहाँ जान्छ त ?' उसले सोध्यो ।

'मरेपछि हामी सबै माटो हुँन्छौ वा खरानी । मरेकाहरू कोही

फर्केर आएका त छैनन् नि । त्यसैले स्वर्ग र नर्कको कुरा कल्पनामात्र हैन र ?'

सौगातले बुझेझैँ गरेर टाउको हल्लायो ।

'त्यसैले मरेपछि गरिने दानसँग जोडिएका पाप र पुण्यको कथा पण्डितहरूको ठगिखाने भाँडो मात्र हो,' उनले थप बुझाउन खोजे ।

'अनि मलाई किन पापीको सन्तान भनेका त ?' आफूलाई पापीको सन्तान भनेकोमा चित्त दुखाइ थियो उसको ।

'लक्ष्मणप्रसादलाई हाम्रो काम मन परेको छैन त्यसैले । धर्मको ठेक्का लिने पण्डित खलकलाई त रिस उठ्ने नै भयो किनकि उनीहरूले पाउने भाग पाएनन् । पाप र पापीको बारेमा त बुझ्यौ नि, हैन ?'

'अरुलाई दुःख दिनु पाप र दुःख दिने चाहिँ पापी,' सौगातले आफूले बुझेको कुरा बतायो ।

'अरुले जेसुकै भनुन्, हामी त्यस्तो त रहेनछौँ नि, हैन ?'

'त्यो त हो बाबा ।'

'सोच त, मृतकको नाममा गरिने खर्च कुनै सामाजिक काममा लगाउने हो भने सबैलाई फाइदा हुन्छ, हैन ?' उनले भने ।

'हाम्रो सरले भन्नुभएको अरुको सेवा गर्नु नै धर्म हो रे,' छोरोले

आफ्नो ज्ञानको पोको खोल्यो ।

'म तिम्रो हजुरबाको नाममा नयाँ खालको सामाजिक काम गर्ने तयारीमा छु । त्यसपछि उहाँलाई सबैले सधैँ सम्झिरहने छन् । सबको हित हुने काममा खर्च गर्दा त राम्रै हुन्छ होला नि, हैन छोरा ?' उनले छोरालाई सोधे ।

'त्यो नयाँ काम के नि बाबा ?' उसको जिज्ञासा थियो । तर, आफूलाई खुब माया गर्ने हजुरबालाई सबैले सम्झन्छन् भन्ने कुराले उसलाई निकै खुसी लाग्यो । 'आहा ! त्यो त हाम्रो किताबमा लेखे जस्तै धर्म हुन्छ,' बाबुको कुरा सुनेर ऊ फुरुङ्ग पऱ्यो ।

'भोलि पनि स्कुल नजाने हो कि ?' छोराले आफ्नो कुरा बुझेको देखेपछि हर्कले सोधे ।

'किन नजाने बाबा ! त्यहाँ रमणमात्रै हो र, तिम्रो बाबाले ठिक गर्नुभयो भन्ने साथीहरू पनि छन् नि । रमणहरूले जेसुकै भनुन्, म उनीहरूको कुरा सुन्दिन । बरु विरोध गर्छु,' सौगातले उत्साहित हुँदै भन्यो ।

'हो त्यसै गर्नुपर्छ । असल कुराहरू मनमा लिनु र खराब कुराहरू सुन्दै नसुन्नु राम्रो हो । ल, हिँड । अब खाना खाऔँ,' यति भन्दै हर्कबहादुरले छोरालाई जुरुक्क उचालेर घरभित्र लगे ।

(**संस्कार** कथासङ्ग्रह (२०७०) बाट

***

पानी फेरि बग्न थाल्यो

'हर्क ! ए हर्क !' भर्खर यसो पल्टेर लोलाएको मात्र के थियो हर्कमान गन्धर्वलाई अनौठो आवाजमा कसैले बोलायो ।

उनले यता उता हेरे । त्यहाँ कोही थिएन । 'को हँ ? कसले बोलाएको मलाई ?' कोही पनि नदेखेपछि हर्कमानले सोधे ।

'म, म । तिम्रो साथी क्या, यता हेर न यता,' भुइँतिरबाट आवाज आएपछि हर्कमानले भुइँतिर हेऱ्यो ।

के अचम्म ! त्यहाँ त एउटा माछा मान्छेजस्तै बोल्दै पो थियो ।

'तिमी ! तिमी कसरी यहाँ ?' उनले माछालाई सोधे ।

'मलाई थाहा छ, तिमी मलाई निकै माया गर्छौ । त्यसैले म तिमीलाई केही देखाउन चाहन्छु । के तिमी एकछिन आउँछौ ?' माछाले भन्यो ।

साँच्चै उनलाई माछा निकै मन पर्थ्यो । उनको परिवार पोखराको गन्धर्व बस्तीबाट अर्मला सरेको धेरै भएको थिएन । आफ्ना बाबुआमासँगै अर्मला सरेपछि पनि उनी धेरैपटक महेन्द्रपुल र के.आई.सिंह. पुल पुगेका थिए । पुलबाट सेतीको खोचतिर हेर्दै उनी निकैबेर घोत्लिन्थे, 'त्यहाँ माछा कसरी बाँचिरहेका होलान् ?'

कहिलेकाही आमासँग तालवाराही पनि पुग्थे उनी । 'तालको बिचमा पनि कसरी मन्दिर बनेको होला, हगि आमा ?' उनी आमालाई प्रश्न गर्थे ।

आमाको जवाफ उनको कानमा छिर्दैनथ्यो । उनको मन त मन्दिर वरिपरि तैरिरहेका माछासँग पौडिरहेको हुन्थ्यो । उनलाई माछाजस्तै पौडन र माछासँगै खेल्न मन लाग्थ्यो ।

'ए हर्के ! ल हिड,' माछा हेर्दै टोलाएको हर्कमानलाई आमाले पाखुरा तान्दै फर्काउनुहुन्थ्यो, वाराही मन्दिरबाट ।

वाराही मन्दिरको रहस्य उनको लागि रहस्य नै हुन्थ्यो । तर उनी सुटुक्क मनमनै वाराही वरिपरि पौडिरहेका माछासँग मितेरी साइनो गाँस्थे र मनमनै 'म तिमीलाई भेट्न आउँछु है' भन्दै फर्कन्थे ।

हुन त उनले पोखराको आकाशमा चिल गाडी उडेको पनि देखेका थिए । माथि डाँडाबाट प्याराग्लाइडिङ उडेको पनि देखेका थिए तर उनको मन भने माछालाई हेर्न पाउँदा रमाउँथ्यो । उनको बाबाले चिल गाडीको बारेमा बताउनुहुन्थ्यो । सराङ्कोट नजिकैबाट उड्दै फेवातालको किनारमा झर्ने प्याराग्लाइडिङको कथा भन्नुहुन्थ्यो तर उनी भन्थे, 'माछाको कथा भन्नुहोस् न बाबा माछाको ।'

हर्कमान गन्धर्व कक्षा दुईमा पढ्थे । 'हाम्रो छोरो अलि बेग्लै खालको छ,' कहिलेकाहीँ बाआमाले कुरा गरेको सुन्दा उनलाई लाग्थ्यो, 'म कसरी बेग्लै भएँ ?'

माछा भनेपछि हुरुक्क हुने तिनै हर्कमानलाई माछाले आफूसँग हिड्न कर गरेपछि उनी जुरुक्क उठे, 'ल हिँड कहाँ जाने हो ?'

माछा अघि अघि, हर्कमान पछि पछि हुँदै उनीहरू कालीखोलाको छेउमा पुगे ।

त्यहाँ खोला रोइरहेको थियो । पानीमा रमाउने माछाहरू पनि निन्याउरा थिए ।

'होइन माछा साथी ! के भएको हो यहाँ ?' उनले आफूलाई लिएर

आउने माछालाई सोधे ।

'तिमी हामीलाई माया गर्छौ । तिम्रो दुःख हाम्रो पनि दुःख हो । त्यसैले तिमीलाई दुःखको एउटा कारण बताउन पानी साथीलाई भेटाउन ल्याएको,' माछाले भन्यो ।

'दुःख ! कस्तो दुःख ?' हर्कमानले त्यति राम्रोसँग बुझ्न सकेनन् ।

'के आजभोलि तिम्रो गाउँ भासिँदै छैन ?' माछाले सम्झायो ।

हो त, आजभोलि अर्मलाको जमिनमा ठुला ठुला खाडलहरू पर्न थालेका थिए । दुःखको बारेमा त हर्कलाई थाहा थिएन तर त्यस घटनापछि आफ्नै घर पनि भासिने हो कि भन्ने डर थियो हर्कमानलाई । गाउँलेहरू डराइरहेका थिए । बाआमाले पनि अर्मले छाडेर कतै सर्ने कुरा गर्दै हुनुहुन्थ्यो ।

'दुःख होइन, डरचाहिँ खुब लागेको छ मलाई,' हर्कमानले भन्यो । 'तर मैले पानीलाई किन भेट्नु पर्‍यो ?'

'तिम्रो डरसँग कालीखोलाको पनि पीडा मिसिएको छ। त्यसैले कालीखोलाको पानीले तिमीलाई भेट्न चाहेको हो,' माछाले भन्यो।

'माछालाई माया गर्नेले पानी र खोलालाई पनि माया गर्छ। आफूलाई माया गर्नेको दुःख मेरो पनि दुःख हो। फेरि मेरै दुःख र पीडाका कारण तिमीहरूले डराउनु परेको हो,' पानीले भन्यो।

'त्यो कसरी ?'

'म पहिला यही कालीखोलामा रमाउँदै विना छेकथुन बहन्थेँ। तर खेत बनाउने नाममा मेरो बाटो साँगुरो बनाउन थालियो। म जता ओरालो र सजिलो छ त्यतै बहन्छु। मेरो बाटो थुन्न थालिएपछि जता सजिलो हुन्छ त्यतै बग्न थालेँ। यहाँको भित्री माटो खुकुलो रहेछ। म जमिन भित्रभित्र बग्न थालेँ। तिमीलाई थाहा नै होला म जता बहन्छु, खोल्सो बनाउँछु र मेरा बाटामा परेका माटो बगाएर लान्छु। त्यसरी भित्रभित्रै बग्दा मैँले मेरो बाटामा परेका माटो बगाउनु पऱ्यो। जसको कारण तिमीहरूले समस्या झेल्नु परिरहेको छ,' पानीले आफ्नो वास्तविक कहानी बतायो।

हर्कमानलाई लाग्यो बाआमाहरूले कति ठुलो भुल गर्नुभएछ।

'हर्क ! ए हर्क ! ल, के सुतिरहेको दिउँसो पनि,' आमाको चर्को आवाज सुनेपछि हर्कमान जुरुक्क उठे र दायाँ बायाँ हेरे। त्यहाँ न त पानी थियो न त माछा नै। उनले त सपना पो देखिरहेका रहेछन्। सपना नै भए पनि कुरो त ठिकै लाग्यो उनलाई, तर बताउने कसलाई ? आमालाई सुनाउने हो भने गाली गरी हाल्नुहुन्छ। पहिला पहिला पनि माछासँग खेलेका सपनाहरू देखिन्थे। आमालाई सुनाउँदा चाहिने नचाहिने कुरा खेलाउँछ भनेर गाली गर्नुहुन्थ्यो। त्यसैले उनले केही भनेनन्।

उनको गाउँमा एउटा बाल क्लब थियो । 'पोखरामा यस्ता थुप्रै बाल क्लबहरू छन्,' बाल क्लब गठन गर्न सहयोग गर्ने काकाले सुनाउनु भएको थियो । बाल क्लबमा ऊ जस्ता सानाहरूको कुरा पनि सुनिन्थ्यो । त्यसैले आफ्नो सपनाको कुरा त्यही बाल क्लबका दाइ, दिदीहरूलाई सुनाउने विचार गरे ।

अर्को शनिबार उनी खेल्न कतै गएनन् । त्यस दिन बालक्लबको मिटिङ थियो । हर्कमानले आफ्नो सपनाको कुरा सुनाए । सपना कै कुरा भए पनि क्लबका दाइ, दिदीहरूले उनको कुरा गम्भिर हुँदै सुने । कुरो महत्त्वपूर्ण थियो तर उनीहरूलाई खोलाको बाटो छेकिएको कुरा थाहा थिएन ।

'यो कुरा क्लबका सहयोगी काकालाई बताउनुपर्छ,' कसैले सुझाव दिए ।

काकाले पनि हर्कमानले सपनामा देखेका कुरा चाख दिएर

सुन्नुभयो । उहाँले गाउँलेहरूसँग सोधखोज र सरसल्लाह गर्नुभयो । हर्कमानले सपनामा देखेजस्तै पानीलाई थुनथान गरिएको रहेछ ।

'खोलाको प्राकृतिक बाटोलाई बिगार्न खोज्दा यस्तै हुन्छ,' उहाँले गाउँलेहरूलाई कुरो बुझाउनुभयो ।

'अब के गर्ने त ?' गाउँलेहरूले सुझाव मागे ।

'खोलालाई पहिलाकै स्वरुपमा बग्न दिँदा राम्रो होला,' उहाँले भन्नुभयो । 'यहाँमात्र हैन अन्यत्र पनि खोलाको बाटो बिगार्नु हुँदैन ।'

गाउँलेहरूले काकाको सुझाव मानेर खोलाको पहिलाकै बाटो बनाउनतिर लागे । कालीखोलाको पानी फेरि पुरानै बाटोमा बग्न थाल्यो । त्यसपछि गाउँमा समस्या देखिएन । सबै गाउँलेहरूले हर्कमानलाई धन्यवाद दिए ।

***

मुसाको दरबार

आज भुन्टे मुसाको भुइँमा खुट्टा थिएन । बाहिर घुम्न जान पाइने आशाले ऊ फुरुङ्ग थियो । ऊ भर्खर मात्र हिड्न सक्ने भएको थियो । 'अहो ! कस्तो आनन्द होला ?' उसले मनमनै भन्यो ।

ऊ एक्लै निस्कन चाहन्थ्यो तर आमाले कराइन्, 'पख पख, बाहिर ढाडे हुन सक्छ ।'

वास्तवमा उसलाई ढाडे हेर्न मन थियो । 'के आफ्नी आमाभन्दा पनि ठुलो होला र ?' उसले सोच्यो ।

'ढाडे दुष्ट हुन्छ' आमाले भनिन् । कहिलेकाही सुनिने ङ्यार्रङुर्रको आवाजपछि आमाले सजग गराउँथिन् । आमा किन डराएकी हुन्, उसले बुझ्न सकेको थिएन ।

'आफ्नै घरभित्र कति बस्नु ?' ऊ निस्कन चाहन्थ्यो । उसले आमाको आँखा छलेर आफ्नो घरको प्वालबाट यसो बाहिरतिर हेर्न खोज्यो ।

आफ्नै सामुन्ने खसेको केही वस्तुले उसको सातो लग्यो । धन्न उसको नाक चिथोरिएन । फुर्तिलो भएकोले पछाडि हट्न भ्यायो ।

'ङ्यार्र' डरलाग्दो आवाजले उसको श्वास नै झन्डै बन्द भएको । उसकी आमा हत्त न पत्त तान्न आइपुगिन् ।

'झण्डै लागेन,' आमाले भनिन् । 'ढाडे ढुकेर बसेको रहेछ,' आमा पनि भयभीत थिइन् ।

'किन लाने आमा ?' भुन्टे जान्न चाहन्थ्यो ।

'ढाडेले भेट्यो भने मारेर खान्छ ।'

भुन्टेलाई अब झन डर लाग्यो ।

'त्यो हामीभन्दा ठुलो हुन्छ र ?' उसले ढाडेलाई देख्न पाएको थिएन ।

'हेर्न चाहन्छौ ? यता आऊ,' आमा अलि अगाडि बढिन् ।

'ढाडेले खाइदिन्छ,' उसले आमाको कुरा सम्भि्फयो । डरले अगाडि सरेन ।

'नडराऊ न, त्यसको हात यहाँसम्म आइपुग्दैन ।'

'आफ्नो यत्रो घरमा ढाडेको हात पनि नपस्ने !' उसलाई अचम्म लाग्यो ।

'ढाडेले भेट्दैन,' ऊ डराउँदै अगाडि सर्‍यो र यसो बाहिर

चियायो ।

ढाडे अझै त्यही थियो ।

ज्यान फुलाएर बसेको अजङ्गको जन्तुलाई देखेर भुन्टेको सातो गयो । ऊ हतपत फर्कियो र आफ्नो कोठाको नरम ओछ्यानमा गुडुल्कियो । एकछिन पछि आमा आइन् ।

'हाम्रो घरभित्र त्यो पस्न सक्दैन,' उनले भुन्टेको टाउको मुसार्दै भनिन्, 'बाहिर निस्कँदा ढाडेबाट बच्नुपर्छ तर डराउनु पर्दैन । त्यो यतातिर सधैँ हुँदैन ।'

भुन्टेमा अलि भरोसा जाग्यो । भुन्टेले आमासँग सोध्यो, 'छ कि छैन कसरी थाहा पाउने ?'

'छ भने बेलाबेलामा कराएको सुनिन्छ,' भुन्टेले आज ढाडे भए नभएको थाहा पाउने नयाँ ज्ञान सिक्यो ।

'ए ! त्यसो भए साह्रै डराउनु पर्ने त रहेनछ,' उसले मनमनै

सोच्यो ।

भोलिपल्ट ढाडे नभएको मौका पारेर आमाले बाहिर डुलाउन निकालिन् । उसले कहिल्यै आफ्नो घर छाडेको थिएन ।

‘अहो ! कस्तो जाडो,’ खुल्ला ठाउँमा उसलाई जाडो लाग्यो ।

‘घरभित्र भन्दा बाहिर हावा चिसो हुन्छ,’ आमाले सम्झाइन् । उनीहरू अन्तर-कुन्तरको बाटो हुँदै फराकिलो ठाउँमा निस्किए । ‘यस्तो फराकिलो ठाउँ पनि हुँदो रहेछ,’ ऊ छक्क पऱ्यो तर उसलाई यो ठाउँभन्दा आफ्नै घर राम्रो लाग्यो । हिँड्दा हिँड्दा लखतरा भएको थियो । ‘यस्तो ठुलो घर के काम ? यसो पल्टने ठाउँ पनि कतै छैन,’ उसले सोच्यो ।

आमाले उसलाई एउटा सुरूङतर्फ लगिन् ।

‘कस्तो अचम्मको घर ! यहाँ त अन्नको भण्डारै रहेछ,’ भुन्टेले आफ्नो जस्तै कसैको दरबार भएको अनुमान गऱ्यो । आमाले उसलाई मकै खान सिकाइन् । एकैछिनमा भुन्टेको दाँत दुख्न थाल्यो । ‘छ्या, कस्तो नमिठो ।‘ उसले दाँत दुखेको कुरो बताएन ।

उसलाई यो ठाउँ पनि मन परेन । ‘खाने कुराको खानीले के गर्नु ? यहाँ आफ्नो घरमा जस्तो भुवादार न्यानो कोठा नै छैन ।’

‘यो मान्छेले जम्मा गरेको अन्नभण्डार हो,’ आमाले जानकारी दिइन् । ‘हामी भोक लागेको बेला यहीँ आएर खान्छौँ र घरका लागि पनि लान्छौँ ।’

‘ए हो ! उसो भए त मान्छेहरू असल हुन्छन् कि क्या हो ?’

‘उनीहरू आफ्नै लागि जम्मा गर्छन् । उनीहरूले जम्मा गरेको खानु हाम्रो बाध्यता हो तर यसरी लुटेर खानु राम्रो भने मानिँदैन ।’

अरू मुसाहरूको आवाज सुनियो। खुर्र गर्दै अरू दुई तीन मुसा त्यहाँ आइपुगे।

'लौ, आज त नयाँ साथी पनि आएको रहेछ,' उनीहरू भुन्टेलाई देखेर रमाए। 'लौ है, राम्रोसँग सिक। चिँ चिँ..,' उनीहरू खुसीले हाँस्न थाले।

'मुसोले त सर्वनाश नै पार्ने भयो,' मान्छेको आवाज सुनियो। सबै मुसा चुप लागे।

अघिसम्म उफ्रनेहरू चुपचाप बसेको देखेर भुन्टेलाई अनौठो लाग्यो। ऊ आमाको काखमा घुस्रियो र चुपचाप बस्यो। त्यसपछि मान्छेको आवाज सुनिएन।

'आउँदै गर्नुस् है काकी,' मुसाहरू खानेकुरा मुखमा च्याप्दै निस्कन थाले। भुन्टेकी आमा पनि निस्किई। भुन्टेलाई अझै डुलाउनु थियो। त्यसैले उसले केही बोकिन। उनीहरू लुगा थुपारिएको

ठाउँमा पुगे ।

'यो त कस्तो घर रहेछ ?' न त आफ्नो घरमा जस्तो मसिना भुवाहरू थिए न त धेरै थरी वस्तुहरू नै । 'यो घर पनि राम्रो रहेनछ,' उसले विचार गऱ्यो ।

भुन्टेले एउटा लुगा सार्न खोज्यो तर अचम्म ! सिङ्गै पो आउन लाग्यो, 'अहो ! यति ठुलो के होला ?'

'आफ्नो इच्छानुसार खेल्न नपाउने पनि के घर ?' उसलाई यो ठाउँ पनि राम्रो लागेन ।

'ए, यता आऊ,' आमाले बोलाइन् ।

ऊ अझै लुगा तान्नमा नै व्यस्त थियो । ऊ लुगा छाडेर आमाको पछि लाग्यो । दलिनको काठमा होसियारपूर्वक हिँडेर उनीहरू फर्कंदै थिए । भुन्टे दायाँ बायाँ हेर्दै थियो ।

आमाको सुझावलाई उसले वास्ता गरेन । भुन्टेको खुट्टा चिप्लियो र भुईंमा खस्यो । 'अहो ! कति फराकिलो र नरम ठाउँ,' ऊ खाटमा खसेको थियो । भुन्टे खसेको थाहा पाएपछि आमाले आत्तिँदै हेरिन् । भुन्टे खाटमा ओहोर दोहोर गरिरहेको थियो ।

'छ्या ! कस्तो नराम्रो ठाउँ, न त सुत्ने ठाउँ न त खेल्न लुक्ने नै,' यहाँ सबै चिज ठुलो र सफा देखेर उसलाई दिक्क खाग्यो । ' योभन्दा त आफ्नै घर राम्रो, यस्तो पनि कुनै घर हुन्छ ?' ऊ सोच्दै थियो ।

'यी दुष्ट मुसाहरूले त बास नै दिएनन् !' मान्छेको चर्को आवाजले आमाचाहिँ आत्तिइन् । हतहत तल हाम्फालिन् र भुन्टेलाई तान्दै सुइकुच्चा ठोकिन् ।

अजङ्गको मूर्ति झम्टँदै आएको देखेर भुन्टेलाई साह्रै डर लाग्यो । 'यो मान्छे हो । यिनीहरूसँग पनि जोगिनुपर्छ,' उनीहरू चिँ चिँ गर्दै भागे ।

'हामी दुष्ट हौँ र ?' आफ्नो घरभित्र पुगेपछि स्वाँ स्वाँ गर्दै सोध्यो । आफूलाई दुष्ट भनेको उसलाई पटक्कै मन परेन ।

'हामी उनीहरूले जम्मा गरेको अन्न खान्छौँ । त्यसैले मान्छेहरू हामीलाई दुष्ट ठान्छन्,' आमाले सम्झाइन् ।

'ती हाम्रा लागि होइनन् र ?'

'होइनन्, उनीहरूले आफ्नो लागि जम्मा गरेका हुन् ।'

'अर्काको चोरेर खानु त नराम्रो हो नि,' भुन्टेलाई अर्काले दुःख गरेर जम्मा गरेको खानु परेकोमा नराम्रो लाग्यो ।

'अर्काको कमाइ लुट्नु राम्रो होइन तर हामी बाध्य छौँ । हामी मान्छेले झैं बाली लगाउन सक्दैनौँ । उनीहरूले लगाएको बालीमा निर्भर हुनुपर्छ,' आमाले स्पष्ट पारिन् ।

'कति नमज्जा, अर्काले दुःख गरेर जम्मा गरेको चोरेर खानुपर्ने ।' भुन्टेलाई साह्रै नरमाइलो लाग्यो । ऊ आफ्नो ओछ्यानमा गयो । निदाउने प्रयास गरे पनि निदाउन सकेन । 'हामी पनि बाली लगाउन सके कति आनन्द हुन्थ्यो,' अर्काको कमाइ खानु परेकोमा उसको मन दुखिरह्‍यो । सधैँ पल्टनासाथ निदाउँथ्यो तर आज थकाइ लाग्दा पनि निदाउन सकेन ।

कतिखेर उसलाई निद्राले छोप्यो उसले पत्तो पाएन । सपनामा ऊ खानेकुरा उब्जाउन मान्छेले जस्तै खेतमा रमाउँदै काम गरिरहेको थियो ।

(**मुना** मासिक- २०६३)

***

रमाको पढाइ

'हैन सर, किन यस्तो भयो ?' रमाकी आमाले सरसँग सोध्नुभयो ।

'यही कुरा हामी तपाईंसँग सोध्नेवाला थियौँ । आजभोलि रमाको पढाइ किन खस्केको छ भनेर हामी छक्क परेका छौँ,' अनुज सरले भन्नुभयो ।

रमा कक्षा चारमा पढ्ने विद्यार्थी हुन् । आज उनको स्कुलमा रिजल्ट थियो । पहिला पहिलो वा दोस्रो स्थानमा आउने रमा यसपटक त दुई विषयमा फेल भएकी थिइन् । पास भएका विषयमा पनि अङ्क राम्रो आएको थिएन ।

शिक्षकहरू पनि रमाको रिजल्ट नराम्रो भएको देखेर चिन्तित थिए । रमाको बाआमालाई पनि अचम्म लागिरहेको थियो- आखिर किन यस्तो भयो ?

'रमा यता आऊ त,' बाहिर साथीसँग खेलिरहेकी रमालाई आमाले बोलाउनुभयो । कुर्ता सुरुवालमा चिटिक्क सजिएकी रमा खुर्र दगुर्दै भित्र आइन् । आमाले रिजल्ट देखाउनुभयो । रमाले अँध्यारो मुख लगाइन् । उनको आँखाभरि आँशु देखियो ।

'कसरी यस्तो भयो छोरी ?' आमाले सोध्नुभयो ।

रमाले टाउको निहुराइन् र आँखाबाट आँशु झार्न थालिन् ।

'भो नरोऊ, अर्को पटक राम्रो गर्नुपर्छ,' अनुज सरले भन्नुभयो, 'जाऊ बाहिर ।'

रमाले दुवै हातले आफ्नो आँशु पुछी र बाहिरतिर दगुरी ।

'यस्तो रिजल्ट आउने बच्ची होइन यो । अचानक कसरी यस्तो भयो ?' सुधा मिसले भन्नुभयो । 'के घरमा कुनै समस्या छ ?' उहाँले रमाको आमालाई सोध्नुभयो ।

'त्यस्तो त केही छैन मिस । तर रमाको व्यवहारमा भने केही परिवर्तन भएको छ । ऊ आजभोलि पढ्न त्यति मन लगाउँदिन । केही भन्यो कि झर्केर बोल्छे,' रमाकी आमाले भन्नुभयो ।

'पहिला त त्यस्तो थिइनन् हैन ?' शारदा मिसले सोध्नुभयो ।

'हो मिस, पहिला त धेरै ज्ञानी थिइन् । दुई चार महिना भयो यस्तो भएको । म पनि अचम्ममा परेकी छु उसको व्यवहार देखेर,' रमाकी आमाले भन्नुभयो ।

'रमाको पढाइ र व्यवहारमा परिवर्तन हुनुको कारण अब खोज्नुपर्छ । विनाकारण त यस्तो हुनु नपर्ने हो । रमाभित्रको समस्या खोज्ने कामचाहिँ शारदा मिसको,' अनुज सरले भन्नुभयो ।

'ठिकै छ, पिर नगर्नु होला । हामी रमालाई सुधार्ने प्रयास गर्नेछौँ,'

सुधा मिसले रमाको आमालाई भन्नुभयो । 'तर घरमा उसलाई पढाइलाई कुनै गाली नगर्नु होला ।'

'हुन्छ नि मिस, छोरी हजुरहरूकै जिम्मामा त हो नि,' रमाकी आमा घर फर्कनुभयो ।

'रमा यता आऊ त,' भोलिपल्ट टिफिनको छुट्टीमा शारदा मिसले रमालाई आफ्नो नजिक डाक्नुभयो ।

'ला अब के गर्ने होला ?' रमा आज अलि डराइन् । 'रिजल्ट कै बारेमा सोध्नुहुन्छ होला,' उसले मनमनै सोचिन् । हुन त शारदा मिस उनको मन पर्ने मिस । तर, परीक्षाको नतिजा आएपछि उनी अलि टाढा हुन खोजेकी थिई ।

उनी शारदा मिसको नजिक गएर शिर झुकाएर उभिइन् ।

'बस न रमा,' शारदा मिसले आफूसँगै बसाउनुभयो र सोध्नुभयो, 'आज खाजा के ल्याएकी थियौ ?' रमालाई शारदा मिस साथी जस्तै लाग्थ्यो । शारदा मिसको अगाडि उनी आफ्ना मनका लागेका सबै कुराहरू भन्न सक्थिन् ।

'आलुपरौठा, ममीले बनाइदिनु भएको,' रमाले भनिन् ।

'मलाई आज तिमीसँग एउटा कुरा सोध्न मन लागेको छ । नढाँटीकन भन्छ्यौ ?' शारदा मिसले सोध्नुभयो । रमाले मिसको मुखमा हेरी । 'नढाट्ने भएमात्र सोध्छु,' मिसले थप्नुभयो ।

'हस्,' रमाले मुन्टो हल्लाई ।

'आजभोलि तिम्रो पढाइ किन तल झरेको होला ?' मिसले सोध्नुभयो ।

'थाहा छैन मिस,' उनले निन्याउरो मुख लगाइन् ।

'कुनै कारण त होला नि ?' मिसले फेरि सोध्नुभयो ।

'आजभोलि मलाई पढ्नै मन लाग्दैन मिस,' उनले रुन्चे स्वरमा

भनिन् ।

'किन नि ?' मिसले अचम्म मान्नुभयो ।

'मलाई ममीले माया नै गर्नुहुन्न,' रमाले घोसे मुटो लगाउँदै भनिन् ।

शारदा मिस एकछिन केही बोल्नुभएन, रमाको टिठलाग्दो अनुहार हेरेर बस्नुभयो । उहाँलाई रमाको सानो भाइ छ भन्ने कुरा थाहा थियो । सानोलाई बढी ध्यान दिँदा रमाले आफूलाई ममीले कम माया गरेको सम्झेर चिन्ता गरेको कुरा पनि बुझ्न शारदा मिसलाई खासै बेर लागेन । त्यही कारणले रमाको पढाइ बिग्रेको कुरा उहाँले थाहा पाउनुभयो । 'दिदीभाइ बिच अलि बढी उमेरको फरक भएकाले पनि यस्तो भएको होला,' उहाँले सोच्नुभयो । उनीहरूको दिदीभाइबिच सात बर्षको फरक थियो ।

'तिमीलाई किन त्यस्तो लागेको ?' एकछिनपछि मिसले सोध्नुभयो । रमाले कुनै जवाफ दिइनन् ।

‘ममीले माया नगर्नुमा कुनै कारण त होला नि ?’ मिसले फेरि सोध्नुभयो ।

‘ममी खालि मलाई गाली गर्नुहुन्छ, भाइलाई केही भन्नुहुन्न । भाइले गरेको हरेक गल्तीमा मलाई नै दोष लगाउनुहुन्छ,’ रमाले विस्तारै भनिन् ।

‘परौठा कसले पकाइदिनु भएको रे ?’ मिसले सोध्नुभयो ।

‘ममीले,’ रमाले छोटो जवाफ दिइन् ।

‘माया नगरेको भए त परौठा नपकाइदिनु पर्ने, हैन र ?’ मिसले हाँस्दै भन्नुभयो । रमाले केही भन्न सकिन ।

‘तिमी भाइलाई माया गर्छ्यौ ?’ मिसले सोध्नुभयो । रमाले गर्छु भनेर मुन्टो हल्लाइन् ।

‘तिम्रो भाइलाई के गर्नु हुन्छ, के गर्नु हुँदैन भन्ने कुरा थाहा छ ?’

‘छैन मिस ।‘ रमाले जवाफ दिइन् ।

‘कसले सिकाउँछ ?’

‘मैले र ममीले ।’

‘आफैँ माम खान र लुगा लगाउन सक्छ ?’

‘सक्दैन ।’

‘एक्लै हिड्न डुल्न सक्छ ?’

‘सक्दैन ।’

‘भनेपछि भाइ सानो छ, हैन त ?’ मिसले सोध्नुभयो ।

‘हजुर मिस,’ उनले स्वीकृतिको टाउको हल्लाइन् ।

‘भाइ सानो छ । सानो मान्छेलाई सबै कुरो सिकाउनुपर्छ, अलि बढी ध्यान दिनुपर्छ । सानालाई फुल्याउनका लागि पनि ठुलालाई गाली गर्नुपर्छ । तिम्रो ममीले तिमीलाई पनि त्यसरी नै हुर्काउनु भएको हो । अब अहिले ममीले भाइलाई बढी ध्यान दिनुको अर्थ

तिमीलाई माया नगरेको हुन्छ होला त ? ल तिमी आफैँ सोच त,' मिसले सम्झाउनुभयो ।

रमा एकछिन घोरिइन् र भनिन्, 'हुँदैन मिस ।'

'तिमीसँग कुरा गर्न पाउँदा मलाई साह्रै रमाइलो लाग्यो । अब के गर्नुपर्छ तिमीलाई नै थाहा छ । ल त, अब कक्षामा जाऊ,' शारदा मिसले रमालाई धाप मार्दै कक्षामा पठाउनुभयो ।

त्यसको दुई महिना पछिको परीक्षामा रमा फेरि पहिलाको जस्तै अग्रस्थानमा आएको देखेर सबै शिक्षक, शिक्षिकाहरू निकै खुसी हुनुभयो ।

***

मेरो झोला खै ?

आमा पिँढीमा चामल केलाई रहनुभएको थियो। सानी खाटमा बसेर किताब मिलाउँदै थिई।

'भोलिबाट स्कुल छ। किताबहरू ठिक्क पारेर झोलामा राख है सानी,' आमाले भन्नुभयो।

सानी आफ्नै गाउँको विद्यायलमा कक्षा दुईमा पढ्छे। बिस दिनदेखि उसको विद्यालयमा गर्मी विदा थियो। विद्यालय भोलिबाट खुल्दै थियो। उसलाई त खेल्न नै मजा लागिरहेको थियो। तर आमाले गाली गर्नु भएपछि ऊ आफ्ना किताब कापी मिलाउनतिर लागेकी थिई। किताब कापी त जम्मा पारी तर झोला भेटिन। झोला नै नभएपछि किताब केमा राख्ने ? उसलाई फसाद पऱ्यो।

'मेरो झोला खै त आमा ?' सानीले सोधी।

'तिमीले नै राखेको हैन ? कहाँ राखेका छौ, खोज,' आमाले भन्नुभयो।

'भित्र छ कि,' सानी खाटबाट उठी।

सानी घरभित्र गई। झोला छ कि भनेर चारैतिर हेरी। झोला कतै देखिएन। थुन्सेपछाडि हेर्न खोजी। भऱ्याङमा उसको टाउको ठोकियो।

'ऐया ऽऽ !' हातले टाउको समात्न खोज्दा थुन्से तान्न पुगी। थुन्सेले नजिकै रहेको डालोमा लाग्यो। डालो लडेर मकै पोखियो।

थुन्सेभित्रबाट दुईवटा पाठाहरू निस्किएर बुर्कुसी मारे। सानी

टाउको मुसार्न छाडेर पाठाहरूको पछाडि दगुरी ।

'हैन, यसले के गर्छे ?' आमाले कराउनुभयो ।

'मकै पोखियो आमा । यो मुनीलाई त म समाइहाल्छु नि,' पाठोको पछिपछि दगुर्दै सानीले भनी ।

'ल ल, पाठालाई एकछिन खेल्न छाडिदेऊ,' आमाले नाङ्लाको चामल बाटामा खन्याउँदै भन्नुभयो ।

'लौ हेर ! सब बिगार्ने काममात्र गर्छे यो,' आमाले भित्र चियाउँदै भन्नुभयो । छोडाएर डालामा राखेको सबै मकै भुइँमा पोखिएको थियो । 'यसले काम बढाउनमात्र जानेकी छे,' आमा भुत्भुताउनुभयो ।

'झोला खोज्न गएकी थन्क्याएको मकै पो पोखेर निस्किछे यो त ! अनि झोला खै त सानी ?' आमाले झोलाको बारेमा सोध्नुभयो ।

'तलामा छ कि,' सानीले भनी ।

'जाऊ खोज । भोलि किताब केमा लान्छौ ?' आमाले सोध्नुभयो ।

सानी भऱ्याङ चढेर तलामा गई । मकैको कुन्युको आडमा हेरी । भकारीको छेउमा हेरी । नुनको ढाकर ढल्काएर हेरी । तर झोला कतै थिएन । गुन्द्रीमा रहेको कपडा उठाई । त्यहाँ पनि झोला थिएन ।

'हैन, झोला कहाँ पऱ्यो त ?'

सानीले कपडा उठाएपछि एउटा मुसा त्यहाँबाट निस्किएर भाग्यो । अचानक कतैबाट एउटा बिरालो फुत्त निस्किएर दगुर्दै मुसालाई झम्टियो ।

'आमा ऽऽऽ !' सानी चिच्याउँदै दौडी । दौडँदा मकैको झुत्तामा छोई । मकैमाथि राखिएको फुर्लुङ झरेर सानीको टाउकोमा लाग्यो । ऊ टाउकोमा हात राख्दै भऱ्याङ ओर्लिई ।

'हैन किन चिच्याएकी त्यसरी ?' आमाले सोध्नुभयो ।

'आमा बिरालो....... ,' सानीले आत्तिदै भनी ।

'त्यसै डराउँछे यो । खै, झोला पायौ त ?' आमाले सोध्नुभयो ।

'छैन आमा ।'

'कोठामा छ कि, जाऊ त हेर,' आमाले भन्नुभयो ।

'नाई, बिरालोले टोक्छ ।'

'बिरालो छैन, जाऊ हेर ।'

'अँ, अघि झण्डै टोकेन,' सानी एक्लै जान डराई ।

'ल हिँड त म पनि जान्छु,' आमाले हातमा रहेको बाटा खाटमा राख्नुभयो ।

आमा अघि अघि भऱ्याङ उक्लन थाल्नुभयो । 'यो विदा पनि कति चाँडै सकिएको हगि आमा ?' आमाको पछि लाग्दै सानीले

भनी ।

‘अँ, स्कुल जानपरेपछि त तिमीलाई गाह्रो भइहाल्छ नि । विदा भए घरमा खेल्न पाइयो, हैन त ? अनि तिमीले नपढेपछि ठुलो मान्छेचाहिँ को हुन्छ नि ?’ आमाले तलामा उक्लँदै सोध्नुभयो ।

‘स्कुल त गइहाल्छु नि आमा, विदा पो थोरै भयो भनेको त,’ सानीले तलामा उक्लँदै भनी ।

आमाले तलामा रहेको ढोका घरक्क खोल्नुभयो । कपडा झुण्ड्याइएको झोकमा हेर्नुभयो । खाटमा हेर्नुभयो । तर झोला त्यहाँ थिएन ।

‘हैन, झोला कहाँ राख्यौ त तिमीले ?‘

आमाले खाटको लुगा भुँईंमा झारेर सबै पल्टाउनुभयो । झोला त्यहाँ पनि थिएन ।

‘लौ, मैले भोलि किताब केमा बोक्ने ?’ सानीले चिन्ता

व्यक्त गरी ।

'पख न, भेटिएला नि,' आमाले भन्नुभयो ।

आमाले सिरानी उठाएर हेर्नुभयो । ओछ्यानको पत्र पल्टाउनुभयो । त्यहाँ पनि झोला देखिएन । ओछ्यानको पत्र पल्टाउँदा लाइटर खस्यो ।

'आमा लाइटर !' सानीले लाइटर टिपी ।

'म पनि कस्तो हुस्सु रहेछु । लाइटर यहाँ रहेछ, म त तल खोज्दै थिएँ,' आमाले भन्नुभयो ।

'हैन, झोला कहाँ राख्यो त ?' आमाले ओछ्यानको तल्लो भागको पत्र पल्टाउन थाल्नुभयो । झोला बल्ल भेटियो ।

'लौ हेर, झोला त यहाँ पो लुकाएकी रहिछे,' आमाले भन्नुभयो । 'आफ्नो सामान त आफैंले ठिक ठाउँमा राख्नु पर्छ नि ।'

'विदाको गृहकार्य सकिनासाथ मेरो झोला तपाईंले लिनुभएको हैन,' सानीले भनी ।

आमा एकछिन केही बोल्नुभएन । 'मेरी छोरी असल नै छ,' उहाँले मनमनै सोच्नुभयो । स्कुलबाट आएपछि सानीलाई गृहकार्य गर्नका लागि केही भन्नु पर्दैनथ्यो । खाजा खानु अघि नै ऊ गृहकार्य गर्नका लागि किताब फिजाएर बस्थी । विद्यालयका गुरुहरूले पनि सानीको असल बानीको प्रशंसा गर्नुहुन्थ्यो । सानीले विदा भएको तीन दिनसम्म खेल्न पनि नगइकन सबै गृहकार्य भ्याएकी थिई ।

'ए हो त नि । झन मुसाले काट्ला भनेर ओछ्यानको पत्रमा राखेको थिएँ । मैले त भुसुक्कै बिर्सेछु,' एकछिनपछि आमाले भन्नुभयो ।

'आफ्नो सामान आफैंले ठिक ठाउँमा राख्नु पर्दो रहेछ हगि आमा,' सानीले आमाको हात समात्दै भनी । 'झोला आफैंले राखेको भए मैले किताब अघि नै मिलाइ सक्थेँ ।'

'हो, ज्ञानी मान्छेले आफ्ना सामानहरू जतनसँग ठिक ठाउँमा राख्छन्,' आमाले भन्नुभयो ।

तल झरेपछि आमा पोखिएको मकै उठाउन थाल्नुभयो । सानीचाहिँ आफूले मिलाएर राखेको किताब र कापी झोलामा राख्न थाली ।

***

पिता **बालकृष्ण अम्गाईं** तथा माता **रेवती अम्गाईं**को प्रथम सन्तान **केशरी अम्गाईं** विक्रमाब्दको २०३० मा साविक पाँचखुवा देउराली-५, हाल बारपाक सुलिकोट गाउँपालिका, वडा नं. ७, देउराली, गोरखामा जन्मिएका हुन् । उनले मूलतः बालसाहित्य लेखन, समीक्षा र अनुसन्धानमा कलम चलाउँदै आएका छन् । यसअघि उनका झन्डै एक दर्जन कृतिहरू प्रकाशित छन् । मौलिक कृतितर्फ **युद्धक्षेत्र** (उपन्यास) - २०५६, **सुकेको मुढो** (कथासङ्ग्रह) - २०६०, **सपनाको दाहसंस्कार** (कथासङ्ग्रह) - २०६८, **आफर** (संयुक्त कवितासङ्ग्रह) - २०७३, अनुवादतर्फ **लोलिता** (उपन्यास) - २०५९, **एसियाली कथाहरू** (लोककथा) - २०६३, **विश्वप्रसिद्ध लोककथाहरू** (भाग १ र २) - २०६५ र सम्पादनतर्फ **कल्पलोक** (कथासङ्ग्रह) : भाग १ (२०७४), भाग २ (२०७५), भाग ३ (२०७६), **नेपाली ऐतिहासिक कथाहरू** - २०७९ प्रकाशित छन् । **हिमरश्मि कथापुञ्ज** प्रकाशनको तयारीमा रहेको छ भने **चिउला** (द्वैमासिक बालपत्रिका) को सम्पादन पनि गर्दै आएका छन् । त्यस्तै फुटकर समीक्षात्मक लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् ।

शिक्षण पेशासँग सम्बद्ध एवं **बालवाङ्मय तथा अनुसन्धान केन्द्र** र **नेपाल बालसाहित्य समाज**को आजीवन सदस्यका रुपमा आबद्ध उनी बालबालिकाहरूलाई लेख्न अभिप्रेरित गर्दै उनीहरूका सिर्जनालाई पुस्तकाकार स्वरूप दिन संयोजनकारी भूमिका निर्वाह गदै आएका छन् । साठीको दशकदेखि बालसाहित्यमा कलम चलाउँदै आएका उनको बालसाहित्यतर्फको पहिलो कृति हो- **मुसाको दरबार** । उनको **हर्केको गुलेली** (बालकथा सङ्ग्रह) र बालसाहित्य समालोचनाको कृति प्रकाशोन्मुख अवस्थामा रहेको छ ।